# निस्दी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## शिक्षा शाखा

### मित्याल , पाल्पा



**बन्दाबन्दीको समयमा अभिभावक र शिक्षकको सहयोगमा**

**विद्यार्थीले गर्ने परियोजना कार्य पुस्तिका २०७७**

**पूर्व प्राथमिकदेखि कक्षा १० सम्म**





# अभिभावकहरुमा अनुरोध

आदरणीय अभिभावक ज्यू, नमस्कार ।

हाल विश्वभर फैलिरहेको नोभल कोरोना भाइरस-covid 19 ले महामारीको रुप लिएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार यो रोग श्वास प्रश्वासको माध्यमबाट संक्रमित व्यक्तिले खोक्दा र हाच्छ्युँ गर्दा नाक वा मुखबाट निस्कने छिटा अर्को व्यक्तिमा सर्दछ । यस महामारीका कारण देश लामो समयदेखि बन्दाबन्दी अर्थात लकडाउनको अवस्थाबाट गुज्रीरहेको छ। यस अवस्थाबाट कहिले पार पाउन सकिन्छ भन्ने कुनै टुङ्गो छैन । अन्य क्षेत्र जस्तै शिक्षा क्षेत्र पनि लकडाउनका कारण नराम्ररी प्रभावित भएकोछ । नयाँ शैक्षिक सत्र शुरु भएको झण्डै डेढ महिना बितिसक्दा समेत विद्यालय उमेरका वालवालिका विद्यालय जान पाएका छैनन् । कक्षाकोठामा राखेर शिक्षक विद्यार्थीले प्रत्यक्ष शिक्षण सिकाइ कियाकलाप गर्न/गराउन सकिएको छैन । यस प्रतिकुल अवस्थामा विद्यार्थीहरुले अभिभावकको निगरानी र सहयोगमा घरमै बसी केही गर्न मद्दत पुगोस् भनी यो परियोजना कार्यको पुस्तिका तयार गरिएकोछ। विभीन्न विषय शिक्षक र विज्ञहरुको परामर्शमा अनलाइन सामग्रीहरु समेत एकीकृत गरी विभिन्न उमेर, कक्षा र विषयका पठन सामग्री संकलन गरी त्यसलाई केही हदसम्म भए पनि जीवनोपयोगी सीपहरु आवद्ध यो सामग्रीमा करिब १५-२० दिनसम्म गर्न सकिने कियाकलापहरु समावेश गरिएका छन् । शिक्षकहरुको प्रत्यक्ष निगरानीबाट टाढा भएको अवस्थामा घरमा अभिभावकको साथ र सहयोगमा आफ्ना वालवालिकालाई दिइएको परियोजना कार्य गर्न उत्प्रेरित गरी विद्यालय खुल्ने परिवेश बनेपछि शिक्षकलाई विद्यार्थीले गरेका परियोजना कार्य देखाउने वातावरण मिलाई दिन हुन गाउँपालिकाको तर्फबाट अनुरोध गर्दछौं ।

सूचना र प्रविधिको द्रुततर विकास भए पनि हाम्रो भौगोलिक अवस्था र न्यून पहुँचको कारण त्यसलाई हाम्रो अध्ययन अध्यापनको सहज माध्यम बनाउन सकिएको छैन । सम्भव भएका र पहुँच भएका अभिभावकले विद्यार्थीको कियाकलाप

आदान प्रदान गरी पृष्ठपोषण लिन सकिन्छ । शिक्षकहरुले आफ्ना घर, छरछिमेक र समुदायमा यस कार्यमा समन्वय गर्न सक्नुहुनेछ । साना कक्षाका वालवालिकाहरुले यसमा खासै पाठ्यपुस्तकको सहयोग लिन नपर्ने गरी तयार गरिएकोछ भने माथिल्ला कक्षाहरुलाई विषयगत ज्ञान,सीप र अभिवृद्धिका लागि पुस्तकको सहयोग लिनु पर्ने केहि परियोजना कार्य राखिएकाछन् । ति कार्य गर्दा अघिल्लो कक्षाका विषयवस्तुलाई आधार लिने र नयाँ कक्षालाई सहयोग पुग्ने गरी तयार गरिएका छन् भनेर बुझ्न र बुझाउन अनुरोध गर्दछौं । लकडाउनको समयमा समसामयिक विषयबस्तुको जानकारी दिंदै शिक्षण सिकाइमा लगाउन गरेको यो प्रयास शिक्षक , अभिभावक र विद्यार्थीको सहयोगमा सार्थक हुने र विद्यार्थीहरुलाई निस्कृय हुनबाट केही हदसम्म भए पनि जोगाउनेछ भन्ने कुरामा निस्दी गाउँपालिका पूर्ण विश्वस्त छ ।

**धन्यवाद !**
**निस्दी गाउँपालिका**
**शिक्षा शाखा**

**९८६७८३८८८८, ९८४०९२१५६६, ९८६७१७११०९**

## पूर्व प्राथमिक

१. नम्र र साँचो बोल्न सिकाउनुहोस् ।

२. घर वरिपरि पाइने जनावर , फलफूल , तरकारी , र अरु वोटविरुवाहरु चिनाउनुहोस् ।

३. बच्चालाई समय दिनुहोस् । वच्चाले सोधेको प्रश्नको उत्तर दिनुहोस् ।

४. भ-याङ्ग चढ्दा वा झर्दा गन्ती गर्दै बच्चासंग चढ्ने , झर्ने गर्नुहोस् ।

५. कपि, कलम दिएर केही लेख्न वा चित्र बनाउन लगाउनुहोस् , रङ भर्न लगाउनुहोस् ।

६ .नेपाली र अङ्ग्रेजी भाषाका बालगीत गाउन र नाच्न सिकाउनुहोस् ।

७. क,ख,ग,घ,...,A,B,C,D,..., १,२,...,जस्ता नेपाली र अङ्ग्रेजी वर्ण , गन्तीका आधारभूत ज्ञान दिलाउनुहोस् ।

८. सुत्ने बेला वा फूर्सदको समयमा राम्रा कुराहरु सुनाउने , कथा सुनाउने अथवा आफ्ना बाल्यकाल वा अन्य बालबालिकाको रोचक कुराहरु सुनाउने गर्नुहोस् ।

९. व्यक्तिगत सरसफाइ स्वयम् बच्चालाई गर्न लगाउनुहोस् र आवश्यक परे सिकाउनुहोस्।

१०. बच्चाले गर्न सक्ने कामहरु जस्तै-फूल विरुवामा पानी हाल्ने , साना-साना लुगा धुने, आफूले खाना खाएको भाँडा धुने , जुत्ताको तुना बाँध्ने जस्ता कार्य गर्न लगाउनुहोस् ।

११. शारीरिक तथा बौद्धिक विकासका लागि तल दिइएका खेलहरु घरमै खेलाउनुहोस् ।

## भकुण्डो पास

एउटा नरम खालको भकुण्डो ल्याउनुहोस् । अब तपाई र तपाईका नानीबाबुहरु केही छोटो दुरीमा आमने -सामने गरी बस्नुहोस् । त्यसपछि सो बललाई पालैपालो एक अर्कोमा पास गर्दै खेल्नुहोस् । यसले रमाइलोसंगै तपाईका नानीबाबुहरुको आत्मविश्वास बढाउनुका साथै हरेक कियाको जवाफ वा प्रतिकिया दिन सिकाउँदछ । यसलाई अझै रमाइलो बनाउन बिभीन्न रङका अरु भकुण्डो थप्नुहोस् । उनीहरुलाई कुनै एउटा बल छनौट गर्न लगाउनुहोस् । उनीहरुले छनोट गरेको भकुण्डो बारे कुरा गर्नुहोस् ।

## आवाज पत्ता लगाउनुहोस्

फरक फरक जनावरहरुको आवाज नक्कल गरेर आफ्ना शिशुहरुलाई सुनाउनुहोस् । त्यो आवाज कुन जनावरको हो भनेर सोध्नुहोस् / चिन्न लगाउनुहोस् ।अब त्यसरी नै उसलाई पनि जनावरहरुको आवाज नक्कल गर्न प्रोत्साहित गर्नुहोस् र आफूले सो जनावरको नाम बताउनुहोस् । यसबाट आवाज नक्कल गर्दा छनोट गर्नु भएका जनावरहरुका बारेमा नानीबाबुहरुलाई अझ धेरै जानकारी दिने अवसर प्रदान गर्नेछ ।

नोट : अभिभावकहरुलाई माथि उल्लेखित कियाकलापहरु आफ्नो निगरानीमा गराउनुहुन अनुरोध छ ।

## कक्षा १

१. बिहान उठेर आफ्नो बच्चालाई व्यक्तिगत सरसफाई गर्न लगाउनुहोस् ।

२. शिष्ट शव्दहरु बोल्न र प्रयोग गर्न सिकाउनुहोस् ।

३. आफ्नो बच्चाले गर्न सक्ने घरायसी कामहरु सिकाउनुहोस् ।आवश्वक परेको बेलामा सहयोग पनि गर्नुहोस् ।

४. विद्यार्थीले आफूले जानेका कागज, काठ अथवा माटोका समानहरु बनाउन लगाउनुहोस् । ( हरेक विद्यार्थीले न्यूनतम २ वटा सामाग्रीहरु निर्माण गर्ने )

५. आफ्नो घरभित्र र घर वरिपरि आफूसंगै सरसफाई गर्न लगाउनुहोस् ।

६. विद्यार्थीलाई सामान्य शारीरिक व्यायाम सिकाउनुहोस् र गर्न लगाउनुहोस् ।

७. आफ्नो बच्चाले विहान उठेदेखि साँझसम्म के-के कामहरु गर्‍यौ भनेर भन्न लगाउनुहोस् । सम्भव भए आफूले टिपोट गर्नुहोस् ।

८. स्थानीय स्तरमा प्रयोग हुने साधनहरु जस्तैः कुटो,कोदालो,हँसिया,नाम्लो,डोको आदिलाई चिनाउनुहोस् र बताउनुहोस् साथै ती साधनहरुको चित्र पनि बनाउन लगाउनुहोस् ।

९. विद्यार्थीलाई आफ्नो व्यक्तिगत सरसफाईमा ध्यान दिन पठाउनुहोस् । जस्तैः कपाल कोर्न, दाँत माँझ्न, नङ् काट्न, नुहाउन, कपडा धुन, आदि । यदि उनीहरुले नजानेको र नमानेको खण्डमा व्यक्तिगत सरसफाईका महत्वहरु बुझाउनुहोस् ।

१०. बालकथाका पुस्तकहरु भएमा पढ्न लगाउनुहोस् साथै बेला बेलामा आफूले पनि कथाहरु सुनाउनुहोस् ।

११. शारीरिक तथा बौद्धिक विकासका लागि तल दिइएका खेलहरु घरमै खेलाउनुहोस् ।

## अवरोधपूर्ण दौड

नरम र सुरक्षित किसिमका फर्निचर, सिरानी र खेलौनाहरुको प्रयोग गरेर ठाँउ ठाँउमा अवरोधहरु बनाउनुहोस् । सुरुमा कसरी यी अवरोधहरुबाट बँचेर दुरी पार गर्न सकिन्छ भनेर आफ्ना नानीबाबुहरुलाई देखाउनुहोस् । त्यसपछि उनीहरुलाई जति सक्दो चाँडो सो पूरा गर्न प्रोत्साहन गर्नुहोस् । यसको लागि घडी हेरेर दौडिन लगाउनुहोस् । हरेक पटक उनीहरुलाई आफूले अघिल्लो पटक पार गरेको समयभन्दा कम समयमा दौड पूरा गर्न अभिप्रेरित गर्नुहोस् ।

## खेलौनाको सरसफाई

एउटा बाल्टिनमा पानी भर्नुहोस् । त्यसमा आफ्ना नानीबाबुहरुको खेलौनाहरु डुबाएर पानीसँग खेल्दै नरम कपडाले खेलौनाको सरसफाई गर्न लगाउनुहोस् ।

## कथा बनाउन लगाउनुहोस्

आफ्ना बालबालिकालाई नेतृत्व गर्न दिनुहोस् र उनीहरुलाई कुनै काल्पनिक कथा बनाउन लगाउनुहोस् । उनीहरुको कुरा राम्ररी सुन्नुहोस् । उनीहरुले बनाएका काल्पनिक दुनियाँहरुको बारेमा प्रश्न सोध्नुहोस् ।

## सँगै खाजा बनाउनुहोस्

तपाईले आफ्नो परिवारको लागि खाजा तयार गर्दा आफ्ना नानीबाबुहरुलाई पनि सहयोग गर्न अभिप्रेरित गर्नुहोस् । घरमा बनेका सबै प्रकारका खाने कुराहरु खानुपर्छ भन्ने कुरा सिकाउनुहोस् । खाजा तयार भएपछि पनि उनीहरुको क्षमता र इच्छा अनुसार प्लेटमा खाजा सजाउन दिनुहोस् र तिनका रङ्हरु पनि सोध्नुहोस् । आफ्ना स्वादिलो सिर्जनासँग उनीहरु पक्कै खुसी र गौरवान्वित हुनेछन् ।

नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनहुन अनुरोध छ ।

## कक्षा २

१. बिहान उठेर आफ्नो बच्चालाई व्यक्तिगत सरसफाई गर्न लगाउनुहोस् ।

२. आफूले जानेको माटोको, कागजको, काठको सामानहरु बनाउन लगाउनुहोस् ।

३. दैनिक रुपमा करिब एक पेज हस्तलेखनका साथसाथै आफै पढ्ने बानी गराउनुहोस् ।

४. आफ्नो बच्चाहरुको रुची अनुसारका कार्यहरु गर्न दिनुहोस् ।(नाच्ने, गीत गाउने, चित्र बनाउने, खेल्ने) ।

५. बच्चालाई आफ्नो सामग्रीहरु मिलाएर ठीक ठाउँमा राख्न सिकाउनुहोस् । (जस्तैः कपडा पट्याउने, पुस्तक मिलाएर राख्ने, जुत्ता चप्पल मिलाएर राख्ने आदि ।

६. बोटविरुवा तथा फलफूलमा पानी हाल्न लगाउनुहोस् ।

७. सामान्य जोड घटाउ गर्न लगाउनुहोस् र दैनिक रुपमा दुना (टेवल) पढ्न लगाई सोध्नु होस् ।

८. कुनै शीर्षक जस्तैः परिवार, साथी, जनावर, चरा, स्कूल दिई त्यसको नेपाली अथवा अङ्ग्रेजी भाषामा ५/ ५ वटा वाक्य लेख्न लगाउनुहोस् ।

९. आफ्नो नाता सम्बन्धका बारेमा जानकारी लिन प्रेरित गर्नुहोस् र उनीहरुलाई आफन्तको महत्व र सहयोगको बारेमा जान्ने बनाउनुहोस् ।

१०. बच्चाले गरेका दैनिक कामलाई बुँदागत रुपमा टिप्न लगाउनुहोस् (समय अनुसार टिपोट गर्ने) ।

११. शारीरिक तथा बौद्धिक विकासका लागि तल दिइएका खेलहरु घरमै खेलाउनुहोस् ।

## अवरोधपूर्ण दौड

नरम र सुरक्षित किसिमका फर्निचर, सिरानी र खेलौनाहरुको प्रयोग गरेर ठाँउ ठाँउमा अवरोधहरु बनाउनुहोस् । सुरुमा कसरी यी अवरोधहरुबाट बँचेर दुरी पार गर्न सकिन्छ भनेर आफ्ना नानीबाबुहरुलाई देखाउनुहोस् । त्यसपछि उनीहरुलाई जति सक्दो चाँडो सो पूरा गर्न प्रोत्साहन गर्नुहोस् । यसको लागि घडी हेरेर दौडिन लगाउनुहोस् । हरेक पटक उनीहरुलाई आफूले अघिल्लो पटक पार गरेको समयभन्दा कम समयमा दौड पूरा गर्न अभिप्रेरित गर्नुहोस् ।

## कथा बनाउन लगाउनुहोस्

आफ्ना बालबालिकालाई नेतृत्व गर्न दिनुहोस् र उनीहरुलाई कुनै काल्पनिक कथा बनाउन लगाउनुहोस् । उनीहरुको कुरा राम्ररी सुन्नुहोस् । उनीहरुले बनाएका काल्पनिक दुनियाँहरुको बारेमा प्रश्न सोध्नुहोस् ।

## सँगै खाजा बनाउनुहोस्

तपाईले आफ्नो परिवारको लागि खाजा तयार गर्दा आफ्ना नानीबाबुहरुलाई पनि सहयोग गर्न अभिप्रेरित गर्नुहोस् । घरमा बनेका सबै प्रकारका खानेकुराहरु खानुपर्छ भन्ने कुरा सिकाउनुहोस् । खाजा तयार भएपछि पनि उनीहरुको क्षमता र इच्छाअनुसार प्लेटमा खाजा सजाउन दिनुहोस् र तिनका रङ्हरु पनि सोध्नुहोस् । आफ्ना स्वादिलो सिर्जनासँग उनीहरु पक्कै खुसी र गौरवान्वित हुनेछन् ।

नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनहुन अनुरोध छ ।

**कक्षा ३**

१. आफूभन्दा ठूलालाई सम्मान सहित अभिवादन गर्न सिकाउनुहोस् ।

२. दैनिक व्यक्तिगत सरसफाई र केही समय शारीरिक व्यायाम गर्न लगाउनुहोस् ।

३. आफूले लगाउने लुगाहरुको नाम भन्न र लेख्न लगाउनुहोस् ।

४. आफूले खेल्ने खेलहरुको नाम भन्न र लेख्न लगाउनुहोस् ।

५. आफ्नो परिवारका सदस्यहरुको नाम र पेशा अङ्ग्रेजी र नेपाली दुवैमा लेख्न लगाउनुहोस् ।

६. कागज, माटो अथवा काठ प्रयोग गरी आफूले जानेको दुइ वटा सामग्री बनाउन लगाउनुहोस् ।

७. भान्साका न्यूनतम काम - चिया पकाउने, तरकारी काट्ने, साना भाँडा माझ्ने जस्ता कामहरु लगाउनुहोस् ।

८. गाउँघरमा प्रयोग हुने सामानहरु जस्तैः ढिकी, जाँतो, हलो, मदानी आदी जस्ता साधनहरु चिनाउनुहोुस् र चित्र बनाउन लगाउनुहोस् ।

९. कुनै शीर्षक (आफ्नो परिवार, विद्यालय, मनपर्ने जनावरको बारेमा ) नेपाली अथवा अङ्ग्रेजी भाषामा १०/१० वटा वाक्य लेख्न लगाउनुहोस् ।

१०. आफू बस्ने घर, कोठा, करेसाबारी सरसफाई गर्न लगाउनुहोस् ।

११. आफ्नो घर परिवार भएका विभिन्न जनावरको नाम, तिनीहरुले खाने खाना, खाने तरिका अवलोकन गराउनुहोस् ।

१२. बालबालिकालाई केही समय करेसाबारीमा काम गराई बिरुवाको हेरचाह गर्न सिकाउनुहोस् ।

१३. शारीरिक तथा बौद्धिक विकासका लागि तल दिइएका खेलहरु घरमै खेलाउनुहोस् ।

## दौड

नरम र सुरक्षित किसिमका फर्निचर, सिरानी र खेलौनाहरुको प्रयोग गरेर ठाउँ ठाँउमा अवरोधहरु बनाउनुहोस् । सुरुमा कसरी यी अवरोधहरुबाट बँचेर दुरी पार गर्न सकिन्छ भनेर आफ्ना नानीबाबुहरुलाई देखाउनुहोस् । त्यसपछि उनीहरुलाई जति सक्दो चाँडो सो पूरा गर्न प्रोत्साहन गर्नुहोस् । यसको लागि घडी हेरेर दौडिन लगाउनुहोस् । हरेक पटक उनीहरुलाई आफूले अघिल्लो पटक पार गरेको समयभन्दा कम समयमा दौड पूरा गर्न अभिप्रेरित गर्नुहोस् ।

## डोरी नाघ्ने

घरमै पाइने जुट वा बाबियो वा प्लाष्टिकको ३/४ हात लामो डोरी लिई दुवै हातले दुइतिर टुप्पामा समाउने, उफ्रेर दुबै खुट्टाले नाघ्ने, कति पटक नाघ्न सकिन्छ भनेर हिसाब राख्न लगाउनुहोस् । ( स्कीपिङ गराउने )

## कथा बनाउन लगाउनुहोस्

आफ्ना बालबालिकालाई नेतृत्व गर्न दिनुहोस् र उनीहरुलाई कुनै काल्पनिक कथा बनाउन लगाउनुहोस् । उनीहरुको कुरा राम्ररी सुन्नुहोस् । उनीहरुले बनाएका काल्पनिक दुनियाँहरुको बारेमा प्रश्न सोध्नुहोस् ।

## सँगै खाजा बनाउनुहोस्

तपाईले आफ्नो परिवारको लागि खाजा तयार गर्दा आफ्ना नानीबाबुहरुलाई पनि सहयोग गर्न अभिप्रेरित गर्नुहोस् । घरमा बनेका सबै प्रकारका खाने कुराहरु खानुपर्छ भन्ने कुरा सिकाउनुहोस् । खाजा तयार भएपछि पनि उनीहरुको क्षमता र इच्छाअनुसार प्लेटमा खाजा सजाउन दिनुहोस् र तिनका रङग्हरु पनि सोध्नुहोस् । आफ्ना स्वादिलो सिर्जनासँग उनीहरु पक्कै खुसी र गौरवान्वित हुनेछिन् ।

नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनहुन अनुरोध छ ।

## कक्षा ४

१. ज्ञान अभिवृद्धिका लागि दैनिक रुपमा कम्तीमा ५ वटा हाजिरी जवाफ प्रश्नहरु बनाउँदै पढ्ने र याद गर्न लगाउनोस् ।

२. समसामयिक विषयमा जानकारी पाउनका लागि दैनिक रुपमा रेडियोमा समाचार सुन्ने, टि.भी.मा समाचार हेर्ने, पत्रपत्रिका पढ्ने साथै मोबाइल इन्टरनेटको प्रयोग गरी संसारमा भैरहेका गतिविधिका बारेमा बुझ्न लगाउनुहोस् ।

३. घरमै बसेर भए पनि बच्चाका सबै नातेदारहरुको परिचय दिनुहोस् साथै उहाँहरुलाई गर्नु पर्ने आदर र शिष्टाचार सिकाउनुहोस् ।

४. आफ्नो बच्चालाई घरायसी काममा ( बच्चाले सक्ने ) सहभागी गराउनुहोस् र उनीहरुको अनुभव कापीमा टिप्न लगाउनुहोस् ।

५. समय समयमा आफ्नो बच्चालाई चित्र कोर्ने, नक्सा बनाउने, कागज तथा माटोका सामग्री निर्माण गर्ने मौका दिनुहोस् ।

६. घरपरिवार, छरछिमेक र मान्यजनसंग गर्ने व्यवहारका बारेमा लेख्न लगाउनहोस् ।

७. आफ्नो अभिभावकको सहयोग लिएर कुनै दुईवटा लघुकथा लेख्न लगाउनुहोस् ।

८. कुन मौसममा कस्ता खाले फलफूल फल्छन् र कुन मौसममा कस्तो खेती लगाइन्छ , अभिभावकले जानकारी गराउने र विद्यार्थीले बुझेर कापीमा लेख्न लगाउनुहोस् ।

९. आफ्नो वरिपरि भएको कुनै चिजको लम्बाई नाप्न सिकाउनुहोस् (जस्तैः किताब, कापी, कलम, बाकस, साबुन आदि ) ।

१०. दैनिक केहि समय आफ्नो बच्चालाई दुना ( multiplication table ) पढ्न लगाउनोस् ।

११. आफ्नो वरिपरि भएका बस्तुहरुको अंग्रेजी नाम खोज्न र सम्झन लगाउनुहोस् साथै कापीमा टिप्न लगाउनुहोस् ।

१२. निम्न लिखित शिर्षकमा अनुच्छेद लेख्न लगाउनुहोस् ।

My best friend, My school, My family

नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनहुन अनुरोध छ ।

# कक्षा ५

१. ज्ञान अभिवृद्धिका लागि दैनिक रुपमा कम्तीमा ८ वटा हाजिरी जवाफ प्रश्नहरु बनाउँदै पढ्न र याद गर्न लगाउनुहोस् ।

२. समसामयिक विषयमा जानकारी पाउनका लागि दैनिक रुपमा रेडियोमा समाचार सुन्ने, टी.भी.मा समाचार हेर्ने, पत्रपत्रिका पढ्नुका साथै मोबाइल इन्टरनेटको प्रयोग गरी विश्वभर भैरहेको गतिबिधिका बारेमा बुझ्न लगाउनुहास् ।

३. समुदायमा रहेका सार्वजनिक सम्पत्तिहरुको सूचि तयार गर्न लगाउनुहोस् ।

४. नेपाली भाषामा प्रयोग हुने मात्रा, चिन्ह र तिनको नाम लेख्न लगाउनुहोस् ।

५. कोरोना भाइरसबाट बच्न के-के गर्नुपर्छ आफूले जानेका कुराहरु बुँदागत रुपमा लेख्न लगाउनुहोस् ।

६. आफूले सुनेको वा जानेको कुनै दुई वटा कथा लेख्न लगाउनुहोस् ।

७. मोबाइल र कम्प्यूटरको बारेमा आफूले जानेका कुरा लेख्न लगाउनुहोस् ।

८. वृक्षारोपणले वातावरण संरक्षणमा कसरी सहयोग गर्छ ? अभिभावकको सहयोगमा लेख्ने, सम्भव भएसम्म आफ्नो घरको वरपर खाली जग्गामा वृक्षारोपण पनि गराउनुहोस् ।

९. दैनिक केहि समय आफ्नो बच्चालाई दुना ( multiplication table ) पढ्न लगाउनुहोस् ।

१०. त्रिभुज, वर्ग र आयात ( triangle, square and rectangle ) आकार भएका काठका टुका संकलन गर्ने तिनको क्षेत्रफल ( area ) निकाल्न लगाउनुहोस् ।

११. आफ्नो वरिपरि भएका बस्तुहरुको अंग्रेजी नाम खोज्न र सम्झन लगाउनुहोस् साथै कापीमा टिप्न लगाउनुहोस् ।

१२. निम्न लिखित शिर्षकमा अनुच्छेद लेख्न लगाउनुहोस् ।

My best friend, My school , My village

नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनहुन अनुरोध छ ।

| बिषय | कक्षा ६ |
| --- | --- |
| अंग्रेजी | आफ्नो वरिपरि भएका बस्तुहरुको अंग्रेजी नाम खोज्न, सम्झन र कापीमा टिप्न लगाउनुहोस् ।<br>इन्टरनेट सम्भव भए आफ्ना वालवालिकालाई अंग्रेजी माध्यमका वालकथा, लघु चलचित्र, नाटक हेर्न लगाउनुहोस् ।<br>निम्न शिर्षकमा अनुच्छेद लेख्न लगाउनुहोस् ।<br>My Family, My School, My Village |
| नेपाली | बन्दाबन्दीको अनुभव समेटेर १० दिनको दैनिकी लेख्नुहोस् ।<br>अभिभावकको सहयोग लिई समाजमा हामीले गर्नुपर्ने सामाजिक दायित्वका बारेमा लेख लेख्नुहोस् ।<br>निम्न शिर्षकमा करिब १२० शब्दमा निबन्ध लेख्नुहोस् ।<br>विद्यार्थी जीवन, मेरो गाउँ, हाम्रो देश नेपाल |
| गणित | गणितका आधारभूत ज्ञानको पुनरावलोकन गर्नुहोस् । गणितका १० वटा सरल अभ्यास गर्नुहोस् ।<br>आफ्नो परिवारको मासिक आम्दानी र खर्चको हिसाब निकाल्नुहोस् र बचत पत्ता लगाउनुहोस् । आवश्यक परे अभिभावकको सहयोग लिनुहोस् । |
| विज्ञान | आफ्नो छिमेक वरपर पाइने फूल फुल्ने र नफुल्ने १०/१० वटा विरुवाको सूचि तयार गर्नुहोस् ।<br>घरबाट निस्कने फोहरमैलालाई कुहिने र नकुहिने सूचिमा टिपोट गर्नुहोस् । तिनलाई अलग अलग व्यवस्थापन गर्ने बिधि लेख्नुहोस्। |
| सामाजिक | समुदायमा रहेका विविध चाडवर्पहरुको सूची बनाई कुन समुदायका मानिसहरुले उक्त चाडपर्वहरु मनाउँछन् ? एउटा चार्ट तयार पार्नुहोस् । |
| | समुदायमा रहेका विविध स्थानीय बाजाहरुमध्ये कुनै ५ बाजाहरुको चित्र बनाउनुहोस् । |

| | |
|---|---|
| पेशा व्यवसाय | घरको करेसाबारीमा विभिन्न खालका फलफूलहरु तथा तरकारी बालीहरु लगाउने साथै तिनीहरुको स्याहार सुसार गर्ने र ती कार्यहरुलाई कापीमा टिपोट पनि गर्ने ।<br><br>स्थानीय समुदायमा पाइने स्थानीय प्रविधिहरु जस्तैः ढिकी, जाँतो, कोल, आदिको अहिलेको अवस्थाको बारेमा लेख्नुहोस् साथै लोप हुनुको कारण पनि लेख्नुहोस् र तिनीहरुको ठोस आकृति बनाएर विद्यालय खुल्दा लिएर आउनुहोस् । |
| स्थानीय बिषय | स्थानीय क्षेत्रमा रहेका मठ मन्दिर, पार्टी पौवा जस्ता सम्पदाहरुको बारेमा लेख्नुहोस् साथै चित्र समेत बनाउनुहोस् । |
| स्वास्थ्य | दैनिक रुपमा साबुन पानीले मिचीमिची हात धुने र परिवारका अन्य सदस्यहरुलाई समेत हात धुन लगाउने । दिनमा कति पटक हात धुनु भएको छ, टिपोट गर्ने । |
| नैतिक | नैतिक कथाहरु पढ्ने र ती कथाहरुको दिइएको नैतिक सन्देशहरु व्यवहारमा प्रयोग गर्ने । |
| कम्प्यूटर | कम्प्यूटरबाट हामीले के के फाइदाहरु लिन सकिन्छ ? घर परिवारका सदस्यहरुसंग छलफल गरेर वा आफै लेख्नुहोस् ।<br><br>कम्प्यूटरमा तपाईले अहिले सम्म सिक्नु भएका र गर्न सक्ने कुनै एउटा कामको बारेमा लेख्नेहोस् । जस्तैः टाइपिङ्ग, पेन्टिङ्ग, calculations, etc. |
| | नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनुहुन अनुरोध छ । |

| विषय | कक्षा ७ |
| --- | --- |
| अंग्रेजी | दिनमा ५ वटा अंग्रेजी शब्दहरुको अर्थ Dictionary मा खोजी टिप्ने र याद पनि गर्ने ।<br><br>निम्न लिखित विषयमा निबन्ध लेखन गर्नुहोस् ।<br>My country, Importance of education, Value of time, etc. |
| नेपाली | नेपाली भाषामा प्रयोग हुने विभिन्न मात्राहरु र तिनका नाम लेखी हरेक मात्राको प्रयोग गरेर तीन तीनवटा शब्दहरु निर्माण गर्नुहोस् ।<br><br>कोरोना भाइरसले ल्याएको विषम परिस्थितिका बेला एकान्तबासमा बस्दा मनमा उठेका कुराहरु समेटेर केही अनुच्छेद लेख्नुहोस् ।<br><br>तलका विषयमा १५० शब्द नघटाई निबन्धलेख्नुहोस ्।<br>शिक्षाको महत्व, विद्यार्थी जीवन, मलाई मनपर्ने ठाउँ, आदि । |
| गणित | सूत्र प्रयोग नगरी स्थानीय चलनचल्तीमा प्रयोग हुने तरिकाले व्याज हिसाब गर्न अभिभावकसंग सिक्नुहोस् ।<br><br>आफ्नो कोठाको लम्बाई र चौडाई नापेर क्षेत्रफल र परिमिति (Area and Perimeter) पत्ता लगाउनुहोस् । |
| विज्ञान | घर वरिपरि पाइने बोटविरुवाको अवलोकन गरी एक दलिय र दुई दलिय (Monocot and Dicot) छुट्याउनुहोस् । |
| सामाजिक | आफ्नो गाउँपालिकाको बारेमा निम्न बुँदाहरु रिपोर्ट तयार पार्नुहोस् ।<br>१. गाउँपालिकाको नाम २. गाउँपालिका अध्यक्षको नाम ३. गाउँपालिका उपाध्यक्षको नाम ४. आफ्नो वडा अध्यक्षको नाम |

| | |
|---|---|
| | ५. गाउँपालिकामा मुख्य कार्यहरु समस्याहरु ६. गाउँपालिकाले खेलेको भूमिका ८. विकास निर्माणका कार्यक्रमहरु |
| पेशा व्यवसाय | तपाईले यस लकडाउनको समयमा आफ्नो घर वरिपरि रहेको खाली जग्गालाई करेसाबारीको रुपमा प्रयोग गर्नुहोस् र फलफूल तथा तरकारीहरु रोप्नुहोस् । तपाईले रोप्नु भएको फलफूल तथा तरकारीहरुको विवरण तयार पार्नुहोस् । तपाईले आफ्नो घर वरिपरी देख्नुभएको सबैभन्दा बढी मात्रामा अपनाएको कुनै दुई वटा व्यवसायको बारेमा लेख्नुहोस् । |
| स्वास्थ्य | कोरोना भाइरस सर्ने र त्यसबाट बच्ने उपाय बारेमा परिवार र समाजमा तपाईले गरेको प्रयासहरुको बारेमा बुँदागत रुपमा टिपोट राख्नुहोस् । |
| नैतिक | नैतिक कथाहरु पढ्ने र ती कथाहरुको दिइएको नैतिक सन्देशहरु टिपोट गर्ने र व्यवहारमा प्रयोग गर्नुहोस् । |
| कम्प्यूटर | कम्प्यूटरबाट हामीले के के फाइदाहरु लिन सकिन्छ ? घर परिवारका सदस्यहरुसंग छलफल गरेर लेख्नुहोस् ।<br><br>कम्प्यूटरमा तपाईले अहिले सम्म सिक्नु भएका र गर्न सक्ने कुनै एउटा कामको बारेमा लेख्नेहोस् । जस्तैः टाइपिङ्ग, पेन्टिङ्ग, calculations, etc. |
| | नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनुहुन अनुरोध छ । |

| विषय | कक्षा ८ |
|---|---|
| अंग्रेजी | अभिभावकले विभिन्न अंग्रेजी पत्रिकाहरु र अंग्रेजी किताबहरु उपलब्ध गराएर बच्चालाई पढ्न लगाउनुहोस् । निम्न लिखित विषयमा निबन्ध लेखन गराउनुहोस् ।<br><br>My favourite place, My country, Discipline |
| नेपाली | लकडाउनले मानव जीवनमा ल्याएको परिवर्तन र यस समय भित्र आफूले गरेका कामहरु समेटेर १० दिनको दैनिकी लेख्नुहोस् ।<br><br>कोरोना भाइरसले ल्याएको विषम परिस्थितिका बेला एकान्तबासमा बस्दा मनमा उठेका कुराहरु समेटेर केही अनुच्छेद लेख्नुहोस् ।<br><br>कुनै तीन वटा लोक कथा लेख्नुहोस् ।<br><br>तलका विषयमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् ।<br>मेरो गाउँपालिका, मलाई मनपर्ने ठाउँ , आदि । |
| गणित | कक्षा ७ मा पढेका सूत्रहरु कापीमा लेखेर याद पनि गर्ने । आफ्नो कोठाको लम्बाई र चौडाई नापेर क्षेत्रफल र परिमिति (Area and Perimeter) पत्ता लगाउनुहोस् । |
| विज्ञान | आफ्नो घरमा रहेका सामानहरुको सूची बनाई तिनीहरु धातु अथवा गैर धातु (Metal or Non Metal) छुट्याई कापीमा लेख्नुहोस् । |
| सामाजिक | हाम्रो समाजमा रहेका विभिन्न सामाजिक संघ संस्थाहरुका नाम लेखी कुनै ५ संघ संस्थाहरुले गर्ने कामहरु उल्लेख गर्नुहोस् ।<br><br>समाजमा रहेका विभिन्न सामाजिक भेदभावहरु उल्लेख गरी कुनै ती सामाजिक भेदभावका कारण र समस्या समाधानका |

| | |
|---|---|
| | उपायहरु लेख्नुहोस् । |
| पेशा व्यवसाय | कुनै एउटा खानाको परिकार पकाएर तयार गर्नुहोस् र घरका सबैलाई खुवाउनुहोस् । तपाईले पकाउनु भएको परिकारको बारेमा छोटो विवरण लेखी पकाउने तरिका पनि उल्लेख गर्नुहोस् ।<br><br>तपाईले यस लकडाउनको समयमा आफ्नो घर वरिपरि रहेको खाली जग्गालाई करेसाबारीको रुपमा प्रयोग गर्नुहोस् र फलफूल तथा तरकारी रोप्नुहोस् । आफूले रोपेको फलफूल र तरकारीहरुको विवरण तयार गर्नुहोस् । |
| नैतिक शिक्षा | आदर, सत्कार, नाता सम्बन्धको बारेमा जानकारी राख्नुहोस् र आवश्यक परेमा अभिभावकको सहयोग लिनुहोस् । |
| स्वास्थ्य र शारीरिक | कोरोना भाइरसबाट बँच्न तपाईले दैनिक रुपमा के कस्ता क्रियाकलापहरु गर्नु भएको छ ? छोटो दैनिकी लेख्नुहोस् ।<br><br>शरीर स्वस्थ र फुर्तिलो राख्न नियमित शारीरिक कसरतहरु गर्ने, योगाहरुको अभ्यास गर्ने र तिनीहरुको बारेमा समेत लेख्नुहोस् । |
| कम्प्यूटर | कम्प्यूटरमा तपाईले अहिले सम्म सिक्नु भएका र गर्न सक्ने कुनै एउटा कामको बारेमा लेख्नेहोस् । जस्तैः टाइपिङ्ग, पेन्टिङ्ग, calculations, etc.<br><br>तपाईको स्कूलमा कम्प्यूटर के के कामका लागि प्रयोग हुन्छ ? लेख्नुहोस् ।<br><br>समाचारमा सुनेको आधारमा वा आफूले प्रयोग गरेको आधारमा अहिलेको समयमा इन्टरनेटले कसरी हामीलाई सहयोग पुऱ्याएको छ लेख्नुहोस् । |
| | नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनुहुन अनुरोध छ । |

| बिषय | कक्षा ९ |
| --- | --- |
| अंग्रेजी | Write short notes on:<br>Covid-19, Quarentine, Isolation, RDT, PCR, Contact Tracing<br><br>आफ्नो १० दिनको दैनिकी अंग्रेजीमा लेख्नुहोस् ।<br><br>अंग्रेजी कथा, कविता, नाटक, डकुमेन्ट्री हेर्न र सुन्न लगाउनुहोस् । (अभिभावकले लगाउने)<br><br>आफ्नो अभिभावकसंग लोक कथाहरु सुनेर कम्तीमा २ वटा कथाहरुलाई अंग्रेजीमा लेख्नुहोस् । |
| नेपाली | लकडाउनको समयमा आफ्नो एकान्तबासको अनुभव र काम समेटेर आफ्नो मिल्ने साथीलाई २०० शब्द सम्मको एउटा चिठी लेख्नुहोस् ।<br><br>आफूलाई मनपर्ने कुनै एक/एक वटा कविता, कथा, सम्वाद, गीत लेख्नुहोस् । |
| गणित | समतल सतह (Plane Shapes) हरुको चित्र बनाई क्षेत्रफल र परिमिति (Area and Perimeter) निकाल्ने सूत्र (Formulae) लेखी याद पनि गर्ने ।<br>ठोस वस्तुहरु (Plane Shapes) को चित्र र जाली (Net) बनाएर आफ्नो कोठाको भित्तामा टाँस्ने ।<br>आफ्नो घरको मासिक खर्चको डाटा बनाएर पाइचार्टमा प्रस्तुत गर्नुहोस् । |
| विज्ञान | दैनिक जीवनमा प्रयोग हुने कुनै चार वटा सरल यन्त्रको नमुना तयार गर्नुहोस् ।<br><br>कक्षा ८ को विज्ञान पुस्तकमा भएका सूत्रहरु र रसायनिक |

| | |
|---|---|
| | समीकरण (Chemical Equations) हरु कापीमा सारेर सम्झने र बुझ्ने प्रयास गर्नुहोस् । |
| सामाजिक | स्थानीय स्तरमा रहेका मौलिक काष्ठकार्यका विभिन्न सामग्री तयार पार्नुहोस् (सानो, ढडिया, सानो हलो, खुकुरी, आदि) प्राकृतिक स्रोत साधन र मानव संसाधन (Human Resources) बीच रहेको अन्तर सम्बन्ध बारे एउटा सम्पादकीय (Editorial) तयार पार्नुहोस् ।<br>भरपर्दो सञ्चार माध्यम सुनेर वा हेरेर दैनिक रुपमा नेपालमा कोरोना संक्रमणको १० दिनको अभिलेख तयार गर्नुहोस् । |
| स्वास्थ्य जनसङ्ख्या र वातावरण | आफ्नो घरमा निस्कने फोहोर मैलाको सूची बनाई तिनको उचित व्यवस्थापन गरेको फोटो खिचेर आफ्नो विषय शिक्षकलाई पठाउनुहोस् । (सम्भव भएसम्म)<br><br>भरपर्दो सञ्चार माध्यम सुनेर वा हेरेर दैनिक रुपमा नेपालमा कोरोना संक्रमणको १० दिनको अभिलेख तयार गर्नुहोस् ।<br><br>कोरोना सर्ने तरिका, कोरोनाको लक्षण र यसबाट बच्ने उपाय लेख्नुहोस् । |
| कम्प्यूटर | कम्प्यूटरले समाजमा ल्याएको कुनै चार वटा सकरात्मक र कुनै चार वटा नकरात्मक कुराहरु लेख्नुहोस् । |
| | नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनुहुन अनुरोध छ । |


| विषय | कक्षा १० |
| --- | --- |
| अंग्रेजी | लकडाउन समय अवधिभर सकेसम्म अंग्रेजी साहित्य जस्तैः कथा, कविता, निबन्ध आदि अध्ययन गर्नुहोस् र कुनै २ वटा आफ्नै मौलिक रचना तयार गर्नुहोस् ।<br><br>अंग्रेजी Grammer Book मा भएका Grammatical Terms प्रयोग गर्ने तरिका पढ्नुहोस् र याद गर्नहोस् ।<br><br>तपाईलाई मनपर्ने कुनै २ वटा चलचित्र वा किताबको Review लेख्नुहोस् ।<br><br>निम्नलिखित विषयमा निबन्ध लेखन गर्नुहोस् ।<br>"Effect of Corona Virus in Visit Nepal 2020," "Social Evils that destroy social economy" , "Challenges of Education in Nepal" |
| नेपाली | यो लकडाउनको समयमा तपाईले घरमा बसेर खास के काम गर्नुभयो ? ती कुराहरुलाई समेटेर २०० शब्दको आफ्नो अनुभव लेख्नुहोस् ।<br><br>कोभिड १९ ले देशको अर्थतन्त्रमा पु-याउन सक्ने असर र त्यसबाट अर्थतन्त्रलाई जोगाउने उपाय सुझाउदै लगभग २०० शब्दमा लेख लेख्नुहोस् ।<br><br>आफूले जानेको, सुनेको वा पढेको कुनै एउटा कथा लेख्नुहोस् । माथिका दुबै काम सकेपछि अभिभावकलाई देखाएर सही गराई विद्यालय खुल्दा ल्याउनुहोस् । |
| गणित | घन (Cube), षडमुखा (Cuboid), त्रिभुजाकार प्रिज्म (Triangular Prism), र बेलनाको चित्र बनाई सतहको क्षेत्रफल (Surface Area) र आयतन (Volume) |

| | |
|---|---|
| | निकाल्ने सूत्र लेखी याद पनि गर्नुहोस् ।<br><br>आफ्नो कोठाको लम्बाइ, चौडाइ र उचाइ नापी चारभित्ताको क्षेत्रफल (Area of Four Walls) र आयतन (Volume) पत्ता लगाउनुहोस् । |
| विज्ञान | आफ्नो घरभित्र प्रयोग हुने र घर वरिपरि भएका सरल यन्त्रको नाम उल्लेख गर्नुहोस् ।<br><br>कक्षा ९ को विज्ञान पुस्तकमा भएका सूत्रहरु र रसायनिक समीकरण (Chemical Equations) हरु कापीका सारेर सम्झने र बुझ्ने प्रयास गर्नुहोस् । |
| सामाजिक | कोभिड १९ ले समाजमा पारेको असरहरुको बारेमा एउटा लेख तयार पार्नुहोस् । |
| स्वास्थ्य जनसङ्ख्या र वातावरण | कोरोना भाइरस सर्ने माध्यम, यसको लक्षण र यसबाट बच्ने उपायहरु लेख्नुहोस् । |
| अतिरिक्त गणित | विशिष्ट कोणहरुको त्रिकोणमितिय अनुपात (Trigonometric Ratios of Special Angles) को मा तालिका ($0° \ to\ 180°$) बनाई याद गर्ने र आफ्नो कोठाको भित्तामा टाँस्ने । |
| | नोटः सम्पूर्ण अभिभावकज्यूहरुलाई माथि उल्लेखित क्रियाकलापहरु आफ्नो निगरानीमा गराउनुहुन अनुरोध छ । |

**नोट : कुनै सुझाब दिनु चाहनुहुने महानुभावहरुले तीन दिन भित्र यस शाखामा आईपुग्ने गरी लिखित सुझाब पठाउनुहुन अनुरोध छ ।**

**सुझावहरुको अपेक्षा सहित !!!**

**धन्यबाद !**




# निस्दी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## शिक्षा शाखा

**मित्याल, पाल्पा ।**